# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०२।०८ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला मुगु, सोरु गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत लगायतका व्यक्तिहरुले आ.व. २०७७/०७८ मा सोरु गाउँपालिका वडा नं. १० स्थित शहीदगेट देखि कोटसम्म सडक निर्माण योजनामा वास्तविक काम भन्दा बढी मूल्याङ्कन गरी रकम हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला मुगु, सोरु गाउँपालिकामा आर्थिक बर्ष २०७७/०७८ को मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सोरु गाउँपालिका वडा नं. १० स्थित शहीदगेट देखि कोटसम्म सडक निर्माण योजनाको कुल लागत अनुमान रु.४३,९५,००२/- तयार गरी उक्त निर्माण योजनामा उपभोक्ता समिति गठन पूर्व नै योजना सम्झौता गरी कार्यादेश दिएको, स्वीकृत लागत अनुमान बमोजिम कार्य नभएको, स्थलगत गई यथार्थपरक नापजाँच गर्नुपर्नेमा सो नगरी कम काम भएको लाई बढी काम गरेको भनी प्राविधिक मूल्याङ्कन सहितको कार्य सम्पन्न प्रतिवेदन तयार गरेको, सडक निर्माण संरचनाहरु नापी किताबमा ६६२३।८ घनमिटर उल्लेख भएकोमा स्थलगत रुपमा नापजाँच गरी पेश भएको प्राविधिक प्रतिवेदनमा ३११३।०३ घनमिटर मात्र सम्पन्न गरेको देखिएकोले प्रतिवादीहरुले ३५१०।७५ घनमिटर बढी काम गरेको भनी नापी किताब र कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख गरे गराएको, योजना अनुगमन तथा मूल्याङ्कन समितिले अनुगमनका बखत भर्नुपर्ने प्रतिवेदनमा योजनासँग सम्बन्धित सम्पूर्ण विवरण नै नभरी प्रतिवेदन दिई भुक्तानीको लागि सिफारिस गरेको र सोही बमोजिम भुक्तानीको टिप्पणी आदेश स्वीकृत गरी उपभोक्ता समितिलाई वास्तविक भए गरेको कार्य भन्दा **रु.२३,२२,८३२।१६** बढी भुक्तानी लिई/दिई प्रतिवादीहरुले आफूहरुलाई गैरकानूनी लाभ र सोरु गाउँपालिकालाई हानिनोक्सानी पुर्‍याउने कार्य गरेको पुष्टि भएको हुँदा देहाय बमोजिमका प्रतिवादीहरु उपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं. | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १ | जिल्ला मुगु, सोरु गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत **विरेन्द्र मल्ल**, इन्जिनियर **प्रकाश आचार्य** र असिस्टेन्ट सव-इन्जिनियर **मनोज धामी** | **रु.२३,२२,८३२।१६** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असूल उपर हुन एवं गलत प्राविधिक मूल्याङ्कन प्रतिवेदन तयार गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर गरेकोले सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना समेतको सजाय हुन मागदावी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| २ | जिल्ला मुगु, सोरु गाउँपालिकाका लेखापाल **जेठ बहादुर बुढा** र योजना शाखा प्रमुख **नविन बुमी** | **रु.२३,२२,८३२।१६** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असूल उपर हुन मागदावी लिइएको छ। |
| ३ | सडक निर्माण योजनाको श्रम कार्यदल (उपभोक्ता समिति) अध्यक्ष **विष्णु दत्त जैसी**, कोषाध्यक्ष **नन्द देवी जैसी**, सचिव **पौमल सार्की** | **रु.२३,२२,८३२।१६** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन मागदाबी लिइएको छ। |
| ४ | सडक निर्माण अनुगमन समिति संयोजक **दलविर सार्की,** समिति सदस्य **धर्मराज जैसी** र सोरु गा.पा. वडा नं. १० का तत्कालीन कार्य वाहक वडा अध्यक्ष **विरेन्द्र बहादुर मल्ल** | **–** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवानाको सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल